# आचार्य गम्पोपाको उपदेश



टाढा र नजिक रहनु भएका प्रिय मित्रहरू,

आशा छ सधैं झैँ यो सन्देशले तपाईंलाई खुसी र स्वस्थ नै पाउने छ।

आजको गुरु रिन्पोछे दिवसमा म तपाईंहरू सँग आचार्य गम्पोपाका केही छोटो उपदेश उल्लेख गर्न चाहन्छु:

> नमो गुरु
> धर्म नै धर्म बनोस्।
> धर्म मार्गमा परिणत होस्।
> मार्गले भ्रान्ति हटाओस्।
> भ्रान्ति नै प्रज्ञामा उदय होस्।

धर्म भनेको कर्म हेतु र फलमा विश्वास हो।

धर्म नै बनोस् भन्नुको अर्थ कुनै पनि कुशल कर्म गर्दा त्यो कर्म सांसारिक जीवनको विचारहरूबाट अलिप्त होस् भन्ने कामना हो।

धर्म मार्गमा परिणत हुनको निती हाम्रो मैत्री, करुणा, बोधिचित्त आदि कुशल कर्म परहितले उत्प्रेरित भएको हुनु पर्छ।

मार्गले भ्रान्ति हटाओस भन्नुको तात्पर्य मैत्री, करुणा, र बोधिचित्त भावनाको सही अभ्यासद्वारा सबै विषय वस्तुहरू भ्रामक रहेको देखिन्छ र आफूले भुल वश ठोस वास्तविकतामा ग्राह गरिरहेको बोध हुन्छ।

भ्रान्ति प्रज्ञामा उदय हुनु भनेको यी विषयको भावनाद्वारा चित्तको स्वभाव, यथाभूत सत्यका साथै सबै धर्महरू अनुत्पन्न र अनिरोध रहेको बोध हुनु हो।

कृपया यी गहन वाक्यहरू चिन्तन-भावना गर्नु होस्।

धेरै धेरै माया र तपाईंको सुस्वास्थ र खुसीको शुभ कामना गर्दै।
सर्व मंगलम्,



फाग्छोग रिन्पोछे